# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङ

स्वतः प्रकाशन

चैत्र, २०७९


इमेल : vhl.lamjung@gmail.com वेब-साईट: www.vhlseclamjung.gandaki.gov.np

विषय : सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) सँग सम्बन्धित विवरण

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) ले व्यवस्था गरेको निर्धारित विषयमा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङको २०७९ साल माघ १ गतेदेखि २०७९ साल चैत्र मसान्तसम्मको सूचनाको अध्यावधिक विवरण देहाय अनुसार रहेको व्यहोरा सार्वजनिक गरिएको छ।

## १. निकायको स्वरुप र प्रकृति

गण्डकी प्रदेश सरकार कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय अन्तर्गतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङ प्राविधिक प्रकृतिका पशु सेवासँग सम्बन्धित सेवामुलक गतिविधि सञ्चालन गर्ने जिल्लास्तरीय सरकारी निकाय हो। यसको संगठन संरचना देहाय अनुसारको रहेको छ।



## २. निकायको काम कर्तव्य र अधिकार

यस भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरुको कार्यविवरण देहाय अनुसार रहेको छः

- पशुपन्छी तथा मत्स्यका लागि विशिष्टिकृत पशु चिकित्सा सेवा प्रदान गर्ने,
- पशुपन्छी तथा मत्स्य स्वास्थ्य परीक्षण तथा रोग निदानका लागि आधुनिक प्रविधिको सेवा उपलब्ध गराउने,
- पशुपन्छी रोग निदानका लागि प्रयोगशाला सेवा प्रदान गर्ने,
- राष्ट्रिय तथा स्थानीयस्तरमा प्राथमिकता प्राप्त पशुपन्छी तथा मत्स्य रोग सर्भिलेन्स गर्ने
- नियमन सेवा सञ्चालन सहजीकरण गर्ने,
- पशुपन्छी तथा मत्स्यजन्य महामारी एवम् प्रकोप व्यवस्थापन गर्ने,
- दूध, अण्डा, मासु, माछामा आत्मनिर्भर हुन पशु व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने,
- कृत्रिम गर्भाधान सेवा सञ्चालनको लागि तरल नाइट्रोजन तथा सिमेन व्यवस्थापन गर्ने,
- नयाँ पशु नश्ल वा प्रजाति प्रदेशमा भित्र्याउने वा विस्तार सम्बन्धी कार्य गर्दा संघीय निकायसँग समन्वयमा गर्ने,
- पशु सेवा सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने,
- पशुपन्छी तथा मत्स्य पालन गर्ने कृषकवसायी तथा उद्यमीहरूले माग गरेको अवस्थामा व्य , विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने,
- पशु कल्याण सम्बन्धी आवश्यक कार्य गर्ने,
- पशुपन्छी तथा मत्स्यपालन तथा उत्पादन सम्बन्धमा तथ्याङ्क अद्यावधिक गर्ने।

## ३. निकायमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरण

| क्र.सं | पद | श्रेणी / तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ पशु चिकित्सक | अधिकृतस्तर नवौं | १ | १ | ० | कार्यालय प्रमुख |
| २ | पशु विकास अधिकृत | अधिकृतस्तर आठौं | १ | १ | ० | |
| ३ | पशु चिकित्सक | अधिकृतस्तर सातौं | १ | ० | १ | |
| ४ | अधिकृत/प्रशासन | अधिकृतस्तर छैठौं | १ | ० | १ | |
| ५ | अधिकृत/लेखा | अधिकृतस्तर छैठौं | १ | ० | १ | |
| ६ | पशु सेवा प्राविधिक | सहायकस्तर पाचौं | १ | १ | ० | करार सेवा |
| ७ | पशु स्वास्थ्य प्राविधिक | सहायकस्तर पाचौं | १ | ० | १ | |
| ८ | प्राविधिक सहायक मत्स्य | सहायकस्तर पाचौं | १ | ० | १ | |

| क्र.सं | पद | श्रेणी / तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| ९ | नायब पशु सेवा प्राविधिक | सहायकस्तर पाँचौं | १ | १ | ० | |
| १० | हलुका सवारी चालक | श्रेणी विहीन | १ | १ | ० | करार सेवा |
| ११ | कार्यालय सहयोगी | श्रेणी विहीन | २ | २ | ० | १ जना करार |
| जम्मा | | | १२ | ७ | ५ | |

## कार्य विवरणः

| क्र.सं | शाखाको नाम | पद | श्रेणी | पदको विवरण |
|---|---|---|---|---|
| १ | | बरिष्ठ पशु चिकित्सक /बरिष्ठ पशु विकास अधिकृत | ९/ १०औं | • जिल्लाको सम्भाव्यता, आवश्यकता र माग अनुसार पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रमको तर्जुमा, कार्यक्रम कार्यान्वियन, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने।<br>• पशुपन्छी पालनका लागि विशिष्टिकृत पशु चिकित्सा सेवा उपलब्ध गराउने।<br>• आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्ने।<br>• जिल्ला स्थित सरोकारवाला निकाय र स्थानीय तहसँग समन्वय गर्ने।<br>• कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि आवश्यक कार्य गर्ने।<br>• पशुपन्छी आहारा, पशुपन्छी औषधि, पशुपन्छी बीमा आदि उपलब्ध गराउन प्रवर्धन, अनुगमन तथा नियमन सम्बन्धी कार्यहरु सञ्चालन गर्ने।<br>• आधुनिक तथा उन्नत पशुपन्छी पालन प्रविधि प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गर्ने।<br>• कार्यालयको आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने गराउने।<br>• कार्यालयको दैनिक प्राविधिक तथा प्रशासनिक कार्यको अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने। |
| २ | पशु चिकित्सा तथा प्रयोगशाला शाखा | पशु चिकित्सक | ७/८ औं | • पशुपन्छी तथा मत्स्य स्वास्थ्य परीक्षण तथा रोग निदानका लागि आधुनिक प्रविधिको सेवा उपलब्ध गराउने।<br>• पशुपन्छी रोग निदानका लागि प्रयोगशाला (प्याथोलोजिकल, पारासाइटोलोजिकल, माइक्रोबायोलोजिकल, बेसिकक भाइरोलोजिकल तथा बायोकेमेस्ट्री) सेवा प्रदान गर्ने।<br>• पशुपन्छी स्वास्थ्य सम्बन्धी वार्षिक कार्यक्रमहरु सञ्चालनमा संयोजन गर्ने।<br>• राष्ट्रिय, प्रदेश तथा स्थानीयस्तरमा प्राथमिकता प्राप्त पशुपन्छी तथा मत्स्य रोग सर्भिलेन्स गर्ने।<br>• नियमन सेवा सञ्चालन सहजीकरण गर्ने।<br>• पशुपन्छी उपज बिक्री केन्द्र/पसल/उद्योगको अनुगमन गरी स्वस्थ्य तथा स्वच्छ पशुपन्छी उपजको सहज बिक्री वितरणका लागि आवश्यक कार्यहरु सम्पादन गर्ने।<br>• पशुपन्छी तथा मत्स्यजन्य महामारी एवम् प्रकोप व्यवस्थापन गर्ने। पशुपन्छी तथा मत्स्य पालन गर्ने कृषक, व्यवसायी तथा उद्यमीहरूले माग गरेको अवस्थामा विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने। |

| क्र.सं | शाखाको नाम | पद | श्रेणी | पदको विवरण |
|---|---|---|---|---|
| ३ | | पशु स्वास्थ्य प्राविधिक/ अधिकृत | ५/६ औं | • पशुपन्छीको स्वास्थ्य परीक्षणमा सहयोग गर्ने।<br>• प्रयोगशालामा पशुपन्छी रोग परीक्षण सम्बन्धी कार्यहरु गर्ने।<br>• पशुपन्छी स्वास्थ्य सम्बन्धी वार्षिक कार्यक्रमहरु सञ्चालनमा सहजिकरण गर्ने।<br>• पशुपन्छी तथा मत्स्य रोग सर्भिलेन्स गरि रिपोर्ट तयार गर्ने कार्यमा सहयोग गर्ने। |
| ४ | | ना.प.स्वा. प्रा. | ४/५ औं | • पशुपन्छीको स्वास्थ्य परीक्षणमा सहयोग गर्ने।<br>• प्रयोगशालामा पशुपन्छी रोग परीक्षण सम्बन्धी कार्यहरु गर्ने।<br>• पशुपन्छी स्वास्थ्य सम्बन्धी वार्षिक कार्यक्रमहरु सञ्चालनमा सहयोग गर्ने। |
| ५ | पशुपन्छी विकास शाखा | पशु विकास अधिकृत | ७/८ औं | • सम्बन्धित स्थानीय तह र कार्यकालयको अन्य शाखाको समन्वयमा कार्यालयको वार्षिक कार्यक्रम तर्जुमा गर्ने।<br>• पशुपन्छी पालन व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने।<br>• कृत्रिम गर्भाधान सेवा सञ्चालनको लागि तरल नाइट्रोजन तथा सिमेन व्यवस्थापन गर्ने।<br>• नयाँ पशु नश्ल वा प्रजाति प्रदेशमा भित्र्याउने वा विस्तार सम्बन्धी कार्य गर्दा संघीय निकायसँग समन्वयमा गर्ने।<br>• पशु सेवा सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने ।<br>• पशुपन्छी पालन गर्ने कृषक, व्यवसायी तथा उद्यमीहरूले माग गरेको अवस्थामा विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने।<br>• पशु कल्याण सम्बन्धी आवश्यक कार्य गर्ने।<br>• पशुपन्छी सम्बन्धी कार्यक्षेत्रका स्थानीय तहको पशुजन्य उत्पादन तथा पशुपन्छी तथ्याङ्क अध्यावधिक गर्ने।<br>• कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण तयार गर्ने। |
| ६ | | प्राविधिक सहायक/ अधिकृत (मत्स्य) | ५/६ औं | • माछापालन व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।<br>• ताल, पोखरी, घोल लगायतका प्राकृतिक जलाशयहरुमा माछा पालन प्रवर्धन गर्ने सम्बन्धी कार्यहरु सञ्चालन गर्ने।<br>• माछापालन सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने।<br>• माछापालन सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने । |
| ७ | | पशु सेवा प्राविधिक/ अधिकृत | ५/६ औं | • कार्यालयको वार्षिक कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने।<br>• पशुपन्छी पालन व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनमा सहयोग गर्ने।<br>• कृत्रिम गर्भाधान सेवा सञ्चालनको लागि तरल नाइट्रोजन तथा सिमेन व्यवस्थापन सम्बन्धी कार्य गर्ने।<br>• पशुपन्छी पालन सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने।<br>• पशु सेवा सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालनमा सहयोग गर्न ।<br>• पशु कल्याण सम्बन्धी कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।<br>• पशुपन्छी सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्न सहयोग गर्ने।<br>• कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण तयार गर्ने कार्यमा सहयोग गर्ने। |

| क्र.सं | शाखाको नाम | पद | श्रेणी | पदको विवरण |
|---|---|---|---|---|
| ८ | | ना.प.से.प्रा | ४/५ औं | • कार्यालयको वार्षिक कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने।<br>• पशुपन्छी पालन व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनमा सहयोग गर्ने।<br>• पशुपन्छी पालन सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने।<br>• पशु सेवा सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालनमा सहयोग गर्ने।<br>• पशु कल्याण सम्बन्धी कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।<br>• पशुपन्छी सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्न सहयोग गर्ने।<br>• कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धवर्षिक र वार्षिक प्रगति विवरण तयार गर्ने कार्यमा सहयोग गर्ने। |
| ९ | प्रशासन फाँट | लेखापाल/ अधिकृत | ५/६ औं | • कार्यालयको आर्थिक प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।<br>• आयोजना र कार्यक्रमहरुको आवधिक विवरण तथा फाँटवारीहरु तयारी सम्बन्धी कार्य गर्ने।<br>• कार्यालयबाट सञ्चालन हुने आयोजना र कार्यक्रमहरुको साधारण तथा पुँजीगत बजेट तयारीका क्रममा योजना शाखासँग समन्वय सम्बन्धी कार्य गर्ने।<br>• जिल्ला स्थित प्रदेश लेखा नियन्त्रकको कार्यालयको ईकाईबाट चालु र पुँजीगत बजेट निकासा लिने, आर्थिक कारोवार गर्ने, श्रेस्ता राख्ने र नियमित रुपमा प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने।<br>• आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य गर्ने।<br>• महालेखापरीक्षकको कार्यालयबाट औंल्याईएका बेरुजु तथा पेश्की फछ्र्यौट सम्बन्धी कार्य गर्ने।<br>• कार्यालय प्रमुखलाई आर्थिक प्रशासनको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने। |
| १० | | सहायक/ अधिकृत | ५/६ औं | • कार्यालयका कर्मचारीहरुको बिदा, काज, सरुवा, लगायतका प्रशासनिक कार्यहरु सम्पादन गर्ने निर्णयका लागि राय साथ पेश गर्ने।<br>• कार्यालय निरिक्षण, पालो-पहरा, सरसफाई, विद्युत, खानेपानी, सवारी साधनको व्यवस्था आदि कार्यहरु गर्ने गराउने।<br>• कार्यालयका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन सम्बन्धी सम्पूर्ण काम सम्पन्न गर्न संयोजन गर्ने।<br>• कार्यालय प्रमुखलाई सामान्य प्रशासन सम्बन्धी कार्यको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने।<br>• कार्यालयको जिन्सी तथा पुँजीगत सम्पतिको अभिलेख, संरक्षण, सम्बर्धन र सदुपयोग सम्बन्धी कार्यहरु सम्पादन गर्ने। |

४. <u>निकायबाट प्रदान गरिने सेवा</u>

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट प्रदान गरिने सेवाहरु देहाय अनुसार रहेका छन्।

- पशुपन्छी तथा मत्स्य रोग निदानका लागि प्रयोगशाला सेवा तथा उपचार सेवा
- पशुपन्छीको लागि खोप सेवा
- नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा
- पशुपालन व्यवसाय प्रवर्द्धनका लागि सहयोग, प्राविधिक परामर्श तथा क्षमता अभिवृद्धि

५. <u>सेवा प्रदान गर्ने निकायको शाखा कारीर जिम्मेवार अधि</u>

क) पशुपन्छी विकास शाखा : पशु विकास अधिकृत

ख) पशु चिकित्सा तथा प्रयोगशाला शाखा: पशु विकास अधिकृत

ग) प्रशासन शाखा: नायव प्राविधिक सहायक

घ) आर्थिक प्रशासन शाखा: लेखापाल

६. <u>सेवा प्रदान गर्दा लाग्ने दस्तुर</u>

७. <u>निर्णय गर्ने प्रकृया र अधिकारी</u>

**निर्णय गर्ने प्रक्रियाः** कार्यालयको कर्मचारी बैठकमार्फत तथा स्वीकृत ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डमा उल्लेखित व्यवस्थाको आधारमा

**निर्णय गर्ने अधिकारीः** कार्यालय प्रमुख (प्रचलित कानून बमोजिम तालुक निकाय वा माथिल्लो तहको अधिकारीले गर्ने भनी उल्लेख भएको विषयमा तालुक निर्देशनालयको प्रमुख वा मन्त्रालयको सचिव)

८. <u>निर्णय उपर उजुरी सुन्ने अधिकारी</u>

**कार्यालय प्रमुख** : बरिष्ठ पशु चिकित्सक डा. रुपेश श्रेष्ठ

## ९. सम्पादन गरेको कार्यको विवरण

### क) पशु स्वास्थ्य तर्फ

उपचार सेवा (चैत्र मसान्तसम्मको)

| क्र सं | क्रियाकलाप विवरण | | जम्मा |
|---|---|---|---|
| १ | उपचार सेवा | मेडिकल | १४५१ |
| | | गाईनोकोलोजिकल | ५१ |
| | | माईनर सर्जरी | २९ |
| | | मेजर सर्जरी | २३६ |
| | | पोल्ट्री डिजिज | ६४ |
| | | फिस डिजिज | ४ |
| कुल | | | **१८३५** |
| २ | खोप सेवा | रेबिज | २१३ |
| | | डि एच् पि पि एल् | १२५ |
| | | **जम्मा** | **३३८** |
| ३ | प्रयोगशाला सेवा | गोबर परिक्षण | ६३७ |
| | | थुनेलो परीक्षण | १४७ |
| | | पोष्टमार्टम | ६७ |
| | | र्‍यापिड टेष्ट | ८९ |
| | | रगत परीक्षण | २ |
| | | **जम्मा** | **९४२** |

### ख) कृत्रिम गर्भाधान विवरणः

| क्र सं | कृ.ग. हुने स्थानको नाम | चैत्र मसान्त सम्मको | | | कुल |
|---|---|---|---|---|---|
| | | गाई | भैंसी | बाखा | |
| १ | भे.अ.प.से.वि.केन्द्रबाट | ७ | १० | ० | १७ |
| २ | स्थानीय तह तथा प्राईभेट | ७१४ | ६५० | २ | १३६६ |
| कुल | | ७२१ | ६६० | २ | १३८३ |

### ग) योजना तथा कार्यक्रम तर्फः

- चालु आ.व. मा रहेका अनुदान सम्बन्धी कार्यक्रमको लागि मिति २०७९/०४/३० मा सूचना प्रकाशन गरी प्रस्ताव पेश गर्न आह्वान गरिएकोमा विभिन्न कार्यक्रमहरुको हालसम्मको प्रगति विवरण देहाय अनुसार रहेको छ।

| क.सं. | अनुदानका कार्यक्रमको नाम | एकाइ | लक्ष्य | स्वीकृत बजेट (रु हजारमा) | प्रस प्रस्ताव संख्या | प्रगति अवस्था |
|---|---|---|---|---|---|---|
| १ | साना पशुपन्छी व्यवसायिक फार्म स्थापना तथा विस्तार | संख्या | ४० | ८००० | २३० | सम्झौता भई कार्य भईरहेको |
| २ | मत्स्य पोखरी निर्माण अनुदान सहयोग | हेक्टर | २ | ७५० | ६ | १ जना कृषकसँग सम्झौता भएको |
| ३ | फार्म यान्त्रिकरण कार्यक्रम | पटक | २ | २००० | ३५ | सम्झौता भई कार्य भईरहेको |
| ४ | कृषि ऋणमा ब्याज अनुदान कार्यक्रम | पटक | १ | ४५० | ५ | सम्झौता भईसकेको |
| ५ | पशुपन्छी स्रोत केन्द्र स्थापना | संख्या | २ | २००० | ४ | स्थलगत प्रमाणीकरण सम्पन्न |
| ६ | समदायस्तरमा भेडा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १००० | २ | |
| ७ | मलमुत्र संरक्षण सहयोग कार्यक्रम | संख्या | ८ | १२०० | २८ | सम्झौता भई कार्य भईरहेको |
| ८ | स्थानीय कुखुरा/च्वाँचे प्रवर्द्धन कार्यक्रम | संख्या | २ | १००० | ४ | सम्झौता भई कार्य भईरहेको |
| ९ | पाडी/बाच्छी हुर्काउन प्रोत्साहन सहयोग | संख्या | ७० | ७०० | २० | १६ जना कृषक लाभान्वित |
| १० | स्टाईलो घाँसको बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | पटक | २ | १५० | ३ | स्थलगत प्रमाणीकरण सम्पन्न |
| ११ | चरन खर्क सुधार कार्यक्रम | पटक | ३ | ६०० | २ | सम्झौता भई कार्य भईरहेको |

- पशुको पूर्ण खोप कार्यक्रम लमजुङ जिल्लाका ८ वटा स्थानीय तहहरु मध्ये सुन्दरबजार नगरपालिका, बेशीसहर नगरपालिका, मध्यनेपाल नगरपालिका, राईनास नगरपालिका र क्ह्वोलासोथार गाँउपालिका गरी ५ वटा स्थानीय तहमा संचालन गर्ने गरी आवश्यक प्रक्रिया अगाडी बढाईएकोमा मध्यनेपाल नगरपालिका र क्ह्वोलासोथार गाँउपालिकामा खोप कार्यक्रम संचालन भईरहेको, हालसम्म ३१८८ डोज एच.एस. बि.क्यू, १०७९ डोज खोरेत, ७१४ डोज रेबिज, ७३७८ डोज पि.पि.आर र ३२१ डोज स्वाईन फिभरको खोप लगाईएको, अन्य ३ वटा स्थानीय तहहरुमा पालिकास्तरीय अभिमुखीकरण

कार्यक्रम तथा तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको, वडास्तरीय समन्वय तथा अभिमुखीकरण कार्य संचालन भईरहेको छ।

- मध्यनेपाल नगरपालिकाको वडा नं ६ र ३ मा गरी वटा ६२ भाले र ४२ वटा पोथी कुकुरको बन्ध्याकरण गरिएको, सामुदायिक तथा घरपालुवा गरी १३५ वटा कुकुरमा रेबिज विरुद्धको खोप लगाईएको छ।
- मत्स्य घुम्ती शिविर मार्फत मध्यनेपाल र राईनास नगरपालिकाका ८ जना कृषकहरुको ११ वटा पोखरीमा पुगी प्राविधिक परामर्श तथा देखिएको समस्या अनुसार आवश्यक उपचार सेवा उपलब्ध गराईएको छ।
- राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरासँगको समन्वयमा राईनास र सुन्दरबजार नगरपालिकाका २१ कृषक घरधुरीका ४३ वटा गाईमा बाँझोपन सम्बन्धी समस्या पहिचान गरी आवश्यक प्राविधिक परामर्श तथा सहयोग उपलब्ध गराईएको छ।
- ४ जना कृषि ऋण लिने कृषकहरुलाई ४५ लाख कृषि ऋणको ब्याजमा ५% अनुदान उपलब्ध गराउने गरी सम्झौता भएको छ।
- व्यवसायिक बाख्रापालन सम्बन्धी २ वटा स्थलगत तालिममार्फत ३५ महिलासहित कुल ७१ जना कृषकहरुको र बंगुरपालन सम्बन्धी २ वटा स्थलगत तालिममार्फत २४ महिलासहित ५२ जना कृषकहरुको क्षमता अभिवृद्धि गरिएको छ।
- ५ वटा सामुदायिक विद्यालयमा कक्षा ९ र १० मा अध्ययनरत १३३ महिला सहित कुल २७३ विद्यार्थीहरुलाई मुख्य जुनोटिक रोगहरुबारे जानकारी प्रदान गरिएको छ।
- चालु आ.व.को स्वीकृत कार्यक्रममा रहेका पुँजीगत निर्माण सम्बन्धी कार्यहरु (ड्रेनेज व्यवस्थापन, बगैंचा तारबार तथा व्यवस्थापन र उपचार कक्ष निर्माण) सम्पन्न भएको छ।
- प्रयोगशालाको लागि hematoanalyzer र biochemistry analyzer उपकरण खरिद गरी रगतको नमूना परीक्षण कार्य सुरु गरिएको छ।
- डिस्पेन्सरी भवन निर्माणको कार्य जारी रहेको छ।

१०. <u>सूचना अधिकारी र प्रमुखको नाम र पद</u>

**सूचना अधिकारीः** डा. सुनिल न्यौपाने, पशु विकास अधिकृत (अधिकृतस्तर आठौं तह)

**कार्यालय प्रमुखः** डा. रुपेश श्रेष्ठ, वरिष्ठ पशु चिकित्सक (अधिकृतस्तर नवौं तह)

११. <u>ऐन, नियम, कार्यविधि, मापदण्डको सूची:</u> कार्यालयको वेबसाईटमा राखिएको

| क्र.सं. | ऐन/ निर्देशिका/ कार्यविधि/मापदण्ड |
|---|---|
| १. | कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ |
| २. | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ |
| ३. | पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ |
| ४. | पाडी/बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७७ |
| ५. | स्थानीय नश्लको पशुपन्क्षी संरक्षण सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७ |
| ६. | साना पशुपन्छी तथा मत्स्य व्यवसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रम संचालन मापदण्ड, २०७७ |
| ७. | सहकार्यमा बधस्थल निर्माण वा सुधार कार्यक्रम संचालन मापदण्ड, २०७७ |
| ८. | यान्त्रिकीकरणमा अनुदान सहयोग सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७ |
| ९. | मत्स्य विकास सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७ |
| १०. | भेडाबाखा तथा बंगुर प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७ |
| ११. | कृषि ऋणमा ब्याज अनुदान कार्यक्रम संचालन मापदण्ड, २०७७ |
| १२. | पशु आहार उत्पादन सम्बन्धी कार्यक्रम संचालन एकीकृत मापदण्ड,२०७७ |
| १३. | भेडाबाखा तथा बंगुर प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७ |

## १२. बजेट तथा खर्च सम्बन्धी विवरण

| क्र.सं | बजेटको स्रोत | बजेटको प्रकार | वार्षिक बजेट (रु हजारमा) | हालसम्मको खर्च (रु हजारमा) |
|---|---|---|---|---|
| १ | प्रदेश सरकार | पुँजीगत | १२६०० | ५२१७.७७ |
| | | चालु | ४६२७४ | ९८४४.९६ |
| | | **जम्मा** | ५८८७४ | १५०६२.७३ |
| २ | संघ सशर्त | कृषि विकास रणनीति संघ सशर्त अनुदान | १३० | १९.५ |
| | | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २१४५ | ० |
| | | **जम्मा** | २२७५ | १९.५ |
| कुल | | पुँजीगत | १२६०० | ५२१७.७७ |
| | | चालु | ४८४५९ | ९८६४.४० |
| | | **जम्मा** | ६११४९ | १५०८२.१७ |

## १३. अन्य विवरण

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिः सुस्मिता अधिकारी

ख) वेबसाइट/इमेल/फेसबुक पेजबाट नियमित सूचनाहरु प्रकाशन, प्रसार गर्ने गरिएको

ग) उजुरी पेटिकाको व्यवस्था गरिएको

घ) खरिद ईकाइ गठन गरिएको

ङ) नागरिक बडापत्रको व्यवस्था गरिएको

च) सेवाग्राहीका लागि प्रतिक्षालय र Mobile Charging station को व्यवस्था गरिएको

छ) सुधारिएको हात धुने ठाउँको व्यवस्था गरिएको

ज) बेबसाईट: www.vhlseclamjung.gandaki.gov.np

झ) ई-मेल: vhl.lamjung@gmail.com

ञ) फोन नं: ०६६-५२०१३१